सुशासन तथा पारदर्शिताका लागि

## हेटौंडा नगरपालिका कार्यालयको प्रस्तुती

# नगर–दर्पण

"खुल्ला दिसामक्त बनाऔं गाउँ नगर सारा
सन् २०१३ सम्मको हाम्रो अभिभारा"

## पाठेघर तथा स्तन क्यान्सर सम्वन्धी निशुल्क परिक्षण शिविर संचालन




पाठेघरको मुख तथा स्तन क्यान्सर सम्वन्धी ४ दिने निशुल्क प्रारम्भिक परिक्षण शिविर यहि माघ ४ गतेदेखि सुरु भइरहेको छ। उक्त शिविरको संचालन जिल्ला स्वास्थ्य कार्यालय र बालकल्याण समाजको संयोजन तथा हेटौंडा नगरपालिकाको आर्थिक सहयोग एवं मदन भण्डारी फाउन्डेशनको ब्यवस्थापनमा भएको हो। NNCTR/INCTR बनेपाको प्राविधिक सहयोगमा गरिएको उक्त शिविरको शुभारम्भको अवशरमा नेपाल नगरपालिका संघका अध्यक्ष एवं पुर्वनगर प्रमुख डोरमणि पौडेल , हेटौंडा नगरपालिकाका सामाजिक विकास महाशाखा प्रमुख ध्रुव भुजेल, चौघडा हेल्थपोष्टका उदयकान्त झा समेतको उपस्थिति रहेको थियो। उक्त शिविर पहिलो दिन माघ ४ गते चौघडा हेल्थपोष्ट भवनमा, दाश्रो दिन ५ गते कमानेको मनकामना सामुदायिक भवनमा , तेश्रो दिन ६ गते सामुदायिक अस्पताल कान्तिराजपथमा सम्पन्न भयो भने अन्तिम दिन ७ गते हेटौंडा अस्पतालमा संचालन हुदैछ।

## नगरपालिकाद्धारा तिव्र रुपमा फुटपाथ इन्टरलकिङ्ग कार्य शुरु

हेटौंडा नगरपालिकाले मकवानपुर उद्योग वाणिज्य संघदेखि दक्षिणमा अटोल्यान्डसम्मको सडक पेटि पुन: निर्माण (इन्टरलकिङ्ग)को प्रकृयालाई तिव्र रुपमा बढाएको छ । पुन: निर्माणको लागि मेनरोडका दूवै छेउका फुटपाथहरु भत्काउने काम चालु भइरहेको छ। इन्टरलकको प्रयोग गर्दा पुन: सडकको प्रकृति परिवर्तन गर्दा झिक्न सहज हुने भएकोले यस्तो प्रकृया अगाडि ल्याइएको नगरपालिकाले जनाएको छ। हेटौंडालाई ब्यवस्थित बनाउनको लागि सडकपेटिको सुधार गर्न सुरु गरिएको उक्त निर्माण योजना पश्चात् सडक छेउको सुन्दरताको लागि अशोकको विरुवाहरुको समेत ब्यवस्थापन गरिने नगरपालिकाले जनाएको छ । फुटपाथ निर्माण पश्चात् फुटपाथमा पसलका सामान राख्न नदिने कुरामा पनि नगरपालिकाले कडाई गर्ने गर्ने भएको पनि यसै सुचनाद्धारा सुचित गरिन्छ। साथै मेनरोडस्थित सुनगाभा गेस्टहाउसको छेउमा ब्यवस्थित पार्किङ्गस्थल पनि निर्माण गरिने भएको छ।

## बेतवाँस तालिम संचालन

सिप विकास तालिम केन्द्र र हेटौंडा नगरपालिकाको संयुक्त आयोजनामा हे.न.पा. ११ सहिद स्मारकमा दुईवटा टोल विकास संस्थाका करिव २० जना ब्यक्तिहरुलाई समावेश गरि ३ महिने बेतवाँस हस्तकला तालिम संचालन गरिएको छ

। स्थानिय स्तरमा सिप प्रदान गरि शहिद स्मारकको पर्यटकिय विकासमा सहयोग पुर्‍याउने उद्येश्यले तालिम कार्यक्रम संचालन गरिएको न.पा.का समाजकल्याण अधिकृत ध्रुव भुजेलले जानकारी दिनु भयो ।

## हेटौंडा नगरपालिका कार्यालयको

## भूमिगत ढल प्रणालीमा घरको फोहर पानीको निकास जडान गर्ने सम्बन्धी सूचना

यस नगरपालिका अन्तर्गत वडा नं. १, २, ३, ४, ५ र १० मा भूमिगत ढल (**sewerage**) निर्माण गरिएको क्षेत्रका घरजग्गा धनीले आआफ्नो घरबाट निस्कने फोहर पानीको निकास उक्त ढलमा जडान गरी सेवा लिनका लागि यस कार्यालयको वातावरण तथा सरसफाई शाखाबाट प्राप्त हुने निवेदन फाराम रू. १००।०० (एक सय) मा प्राप्त गरी सो फाराममा उल्लेख गर्नु पर्ने विवरणहरू भरी मिति २०६८/९/१९ भित्र बुझाउनु हुन् यो सूचना प्रकासित गरिएको छ ।

निवेदन साथ तपसिल बमोजिमका कागजातहरू संलग्न गर्नु पर्ने छ ।

| | |
|---|---|
| घर/जग्गा धनीको नागरिकताको प्रतिलिपि | -१ (एक) प्रति |
| जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि | -१ (एक) प्रति |
| नक्सापास प्रमाण-पत्रको प्रतिलिपि | -१ (एक) प्रति |
| व्यवसाय भए नगरपालिकामा व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि | -१ (एक) प्रति |
| नगद जम्मा गरेको सक्कल रसिद वा नगद जम्मा गरेको बैंकको सक्कल भौचर | -१ (एक) प्रति |
| नेपाल खनेपानी संस्थान/हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको ग्राहक कार्डको प्रतिलिपि | -१ (एक) प्रति |

**नोटः**

१. हेटौंडा बजारको मेनरोड (उद्योग बाणिज्य संघको कार्यालय भवन देखि वाईपास सडक मोडसम्म) मा सडकको दुवै तर्फ फुटपाथ निर्माण गर्ने काम संचालन हुन गईरहेको हुनाले त्यस क्षेत्रको सम्पुर्ण घरजग्गा धनिहरूले खानेपानी लाइन जडान, भुमिगत ढलमा आफ्नो घरको फोहोर पानीको निकास यथाशिघ्र जोड्नको लागि समेत यसै सूचनाद्धारा अग्रिम जानकारी गराईएको ब्यहोरा अनुरोध छ ।

२. नगरपालिकाले उक्त समय सिमा निर्धारण गरेको समयभित्र जडानका लागि आवेदन फाराम भरी दर्ता गर्ने घरधनीहरूलाई रू. २०००।०० छुट समेत गरेको हुदां उक्त मौकाको फाईदा लिनु हुन समेत अनुरोध छ ।

३. हेटौंडा बजारको मेनरोडको फुटपाथ निर्माण पश्चात् उक्त स्थानका घरहरूको फोहर पानीको निकास जडान गर्नु परेमा भत्काइएको फुटपाथको भाग पूर्ववत मर्मत गर्ने जिम्मेवारी उक्त घरधनीको नै हुने छ ।

थप जानकारीका लागि यस कार्यालयको **वातावरण तथा सरसफाई शाखा**मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

"कालो तथा रंगिन प्लास्टिकका झोला प्रयोग नगरौं
नगर सफा राख्न सहयोग गरौं"

**हेटौडा नगरपालिकाको प्रस्तुती हाम्रो हेटौडा हाम्रो पहिचान रेडियो कार्यक्रम प्रत्येक महिनाको दोश्रो सनिवार साझ ७.०० देखि ७.३० वजेसम्म हेटौडा एफ.एम., तेश्रो सुक्रवार साझ ७.०० देखि ७.३० वजेसम्म रेडियो मकवानपुर एफ.एम. र चौथो सनिवार विहान ८.०० देखि ८.३० वजेसम्म रेडियो थाहा संचार वाट प्रसारण भईरहेको छ सुन्न नभुलौ ।**


**के तपाई नगरपालिका सम्बन्धमा जानकारी राख्न चाहनु हुन्छ ?**
**यसका लागि सम्पर्क राखौं**
**सूचना तथा अभिलेख उपशाखा,**
**हेटौडा नगरपालिका कार्यालय**
**फोन नं. ५२०३७७, ५२३०४४**
**फ्याक्स नं.५२२८७६,५२३०४४**
**पोष्ट बक्स नं. ५६,**
E-mail: info@hetaudamun.gov.np
Website: www.hetaudamun.gov.np